# छैठौं नगर सभाका निर्णयहरु

## २०७६/०९/०४ गते

### निर्णय नं. १

यस नगरपालिकाको विधायन समितिबाट तयार भै नगरकार्यपालिकाबाट स्वीकृतिका लागि यस नगरसभामा पेश भएका तपशिलका ऐन, कार्यविधि एंव मापदण्डहरु उपर छलफल गरी सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

(क) कीर्तिपुर नगरपालिकाको आर्थिक ऐन, २०७६ को संशोधन
(ख) कीर्तिपुर नगरपालिकाको विनियोजन ऐन, २०७६ को संशोधन
(ग) कीर्तिपुर नगरपालिकाको शिक्षा ऐन, २०७६ को संशोधन
(घ) कीर्तिपुर नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ को संशोधन
(ङ) कीर्तिपुर नगरपालिकाको शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७६ को संशोधन

### निर्णय नं. २

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ बमोजिम देहाय बमोजिम २ वटा समितिहरु सर्वसम्मत ढंगले गठन गरियो ।

१. लेखा समिति

| सि.न | पद | चयन भएका सदस्यका नाम /थर | प्रस्तावक सदस्य | समर्थक सदस्य |
|---|---|---|---|---|
| १ | संयोजक | श्री अनिल बाँस्कोटा-४,<br>न.स.स. वडा नं.४ | मिलन महर्जन-३<br>न.स.स. वडा नं.३ | सुमन पोखरेल-१<br>न.स.स. वडा नं.१ |
| २ | सदस्य | श्री मन्जु बुढाथोकी-६<br>न.स.स. वडा नं.६ | संगिता उप्रेति श्रेष्ठ -१०<br>न.स.स. वडा नं.१० | प्रेम कृष्ण श्रेष्ठ-९<br>न.स.स. वडा नं.९ |
| ३ | सदस्य | श्री चिनी काजी श्रेष्ठ-१०<br>न.स.स. वडा नं.१० | राजेन्द्र बानियाँ -४<br>वडा अध्यक्ष, वडा नं.४ | ध्रुव प्रसाद अधिकारी-२<br>न.स.स. वडा नं.२ |

२. सुशासन समिति

| सि.न | पद | चयन भएका सदस्यका नाम /थर | प्रस्तावक सदस्य | समर्थक सदस्य |
|---|---|---|---|---|
| १ | संयोजक | श्री सुनिल डंगोल-६,<br>न.स.स. वडा नं.६ | उर्मिला बस्नेत-४,<br>न.स.स. वडा नं.४ | राजकुमार माली-७,<br>वडा अध्यक्ष, वडा नं.७ |
| २ | सदस्य | श्री मन कुमारी वि.क.-२,<br>न.स.स. वडा नं.२ | अमन महर्जन-१०,<br>वडा अध्यक्ष, वडा नं.१० | न्हुछे बहादुर महर्जन-६<br>वडा अध्यक्ष, वडा नं.६ |
| ३ | सदस्य | श्री नरेन्द्र श्रेष्ठ-८,<br>न.स.स. वडा नं.८ | सुनिता नकर्मी-९,<br>न.स.स. वडा नं.९ | राज कुमार महर्जन-७<br>न.स.स. वडा नं.७ |

निर्णय नं.३

नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष, २०२० लाई सफल पार्ने उद्शयले आगामी २०७७ साल बैशाख १६ गतेदेखि २० गते सम्म यस नगरक्षेत्रको ऐतिहासिक, धार्मिक, सांस्कृतिक र मौलिक पहिचान झल्कने गरी पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ **"कीर्तिपुर महोत्सव २०२०"** आयोजना गर्ने र सो.को समुद्घाटन समारोहको प्रमुख अतिथ्यताका लागि सम्माननीय उप-राष्ट्रपति नन्द बहादुर पुनज्यूलाई हार्दिक आमन्त्रण गर्ने साथै उक्त कार्यक्रमलाई भव्यताकासाथ सफल पार्नका लागि नगर प्रमुख श्री रमेश महर्जनको संयोजकत्वमा यस नगरपालिकाका सबै जनप्रतिनिधिहरु, सरोकारवाला एंव सर्वपक्षिय प्रातिनिधित्व रहने गरी १५१ सदस्यीय **"कीर्तिपुर महोत्सव मूल समारोह समिति२०२०"** गठन गरी नगर महोत्सव आयोजना गरी भव्य रुपमा सफल पार्ने प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

हालसम्म यस नगर कार्यपालिका, नगर प्रमुख र नगर कार्यपालिका कार्यालयबाट भएका निर्णयहरुको अनुमोदन गरियो ।

निर्णय नं. ५

यस नगर क्षेत्रका पुराना घर नक्सा अभिलेखीकरण तथा नियमित गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७ को दफा ४२ मा “नक्सा पास सम्बन्धी विशेष व्यवस्था” अन्तर्गत यो ऐन प्रारम्भ हुनुअघि तत्काल प्रचलित कानून बमोजिम नक्सा पास गर्नु पर्नेमा नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृति बेगर हेरफेर गरी बनाएको भवनको हकमा भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना भएको रहेछ भने नगरपालिकाले यो ऐन प्रारम्भ भएपछि एक पटकको लागि सम्बन्धित व्यक्तिलाई पैतीस दिनको म्याद दिई प्रमाणसाथ दरखास्त दिनको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने” भन्ने व्यवस्था बमोजिम आ.व. २०७४/०७५ मा सूचना प्रकाशित गरिएकोमा सो सुचना बमोजिमको म्याद भित्र सम्बन्धित सबैको आवेदन प्राप्त हुन नआएको तथा कतिपयलाई सो को जानकारी समेत नहुँदा उक्त सुविधाबाट स्थानीय बासिन्दाहरु बन्चित भएकाले सोही सूचनामा म्याद थप गरी पुराना घर नक्सा अभिलेखीकरण तथा नियमित गर्ने भन्ने स्थानीयहरुको मागलाई समेत ध्यानमा राखी उक्त सूचनाको अवधि २०७६ साल चैत्र मसान्तसम्मका लागि थप गरी सार्वजनिक सूचना प्रकाशित गर्ने तथा नियमित र अभिलेखीकरण गर्दा तपशील बमोजिम गर्ने गरी निर्णय गरियो ।

तपशिलः

क. वि.स. २०७२ साल अगाडि घर बनाइएको र मापदण्ड पुरा नगरी घर निर्माण भएको हकमा सम्बन्धित वडा कार्यालयबाट स्थलगत सर्जमिन मुचुल्का र प्राविधिक प्रतिवेदनका आधारमा घर संरचनाको नक्सामा रहेको मापदण्ड वाहिरको क्षेत्रलाई रातो चिन्ह (Red Line) कोरी पुरै क्षेत्रफलको प्रचलित दरमा दोव्वर राजश्व लिई नियमित/अभिलेखीकरण गरिदिने ।

ख. कीर्तिपुर नगरपालिका गठन हुनु भन्दा अगाडि घर बनाइएको र मापदण्ड विपरीत घर निर्माण भएको हकमा सम्बन्धित वडा कार्यालयबाट स्थलगत सर्जमिन मुचुल्का र प्राविधिक प्रतिवेदनका आधारमा घर संरचनाको नक्सामा रहेको मापदण्ड वाहिरको क्षेत्रलाई रातो चिन्ह (Red Line) कोरी पुरै क्षेत्रफलको प्रति वर्ग फिट रू. ५ को दरमा राजश्व लिई नियमित/अभिलेखीकरण गरिदिने ।

ग. वि.स. २०७२ साल पछाडि घर बनाइएको र मापदण्ड पुरा नगरी घर निर्माण भएको हकमा सम्बन्धित वडा कार्यालयबाट स्थलगत सर्जमिन मुचुल्का र प्राविधिक प्रतिवेदनका आधारमा घर संरचनाको नक्सामा रहेको मापदण्ड वाहिरको क्षेत्रलाई रातो चिन्ह (Red Line) कोरी पुरै क्षेत्रफलको प्रचलित दरमा दोव्वर राजश्व लिई नियमित/अभिलेखीकरण गरिदिने ।तर सहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७६ (संशोधन सहित) प्रकाशित भएपछि दर्ता भएका घर टहराहरुमा यो लागु हुने छैन ।

घ. यस नगरक्षेत्रमा बन्ने घरहरुको निर्माण सम्पन्न लिन बाटोको क्षेत्राधिकार (Right of Way) छाडी सीमा पर्खाल लाइसकेपछि मात्र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गरिने छ । सीमा पर्खाल नक्सामा अनिवार्य देखाउनु पर्ने छ र उक्त पर्खालको राजश्व तिर्न पर्ने छैन ।

निर्णय नं. ६

यस नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिले, सेवा शुल्क, कर दस्तुर, संशोधित आर्थिक ऐन २०७६ आगामी आ.व. २०७७/७८ का लागि आन्तरिक श्रोत तर्फको राजश्व प्रक्षेपण लगायतका विषयमा गरेको निर्णयहरुको अनुमोदन गरियो ।

निर्णय नं. ७

माथी उल्लेखित निर्णय २ बमोजिमको लेखा समिति र सुशासन समितिको कार्यप्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि तयार भएको निम्न नियमावलीहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क) लेखा समिति संचालन र व्यवस्थापन नियमावली, २०७६

ख) सुशासन समिती संचालन र व्यवस्थापन नियमावली, २०७६

निर्णय नं. ८

यस नगर क्षेत्रमा वैकल्पिक उर्जा उत्पादन गरी यस नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु लगायत सामुदायिक भवनहरुमा सौर्य प्यानल जडान र नगर क्षेत्रका महत्वपूर्ण स्थानहरुमा सौर्य बत्ति जडानका लागी बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग यस नगरपालिकाको तर्फबाट समन्वय र सहकार्य गर्ने जिम्मेवारी नगर कार्यपालिकालाई दिने निर्णय गरियो । साथै आवश्यकता परेमा ऋण समेत लिने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ९

"**कीर्तिपुर नगरपालिका विद्युतिय नक्सापास कार्यान्वयन आयोजना (KMEBPSIP-1)**" परियोजना र सो परियोजना अन्तर्गत कार्यरत कर्मचारीहरुलाई चालु आ.व २०७६/७७ असार मसान्त सम्मका लागि निरन्तरता दिदै कार्यान्वयन गर्ने जिम्मेवारी नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. १०

यस नगरलाई "**बालमैत्री नगर**" घोषणा गर्ने नगरपालिकाको योजना रहेकोमा यसै क्रममा चालु आ.व. २०७६/७७ मा नमुनाको रुपमा वडा नं ७ का वडा अध्यक्ष श्री राजकुमार मालीको संयोजकत्वमा सो सम्बन्धी कार्यविधि अनुरुप सरोकारवालाहरु सम्मिलित गरी वडा स्तरमा बालमैत्री स्थानीय समिति गठन गर्ने र सो समितिले सो सम्बन्धी संपूर्ण सूचना, तथ्यांक संकलन र प्रक्रियामा पुऱ्याई घोषणाका लागि नगर कार्यपालिकामा पेश भएपछि प्रचलित कानुन अनुसार नगर कार्यपालिकाबाट सो उपर छानबिन गरी प्रचलित कानुन अनुसार उक्त वडा.न. ७ लाई "**बालमैत्री वडा**" घोषणा गर्ने र आवश्यक तयारी गरी क्रमशः अन्य वडालाई पनि बालमैत्री वडा घोषणा गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. ११

चालु आ.व २०७५/७६ का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु संचालन गर्दा तोकिएको बजेट शीर्षकमा खर्च नभइ वा घटि बजेटमा काम सम्पन्न भै सो रकम बचत हुन आएको अवस्थामा "**कीर्तिपुर महोत्सव २०२०**" का लागि स्वीकृत बजेटले नपुग हुने अवस्थामा सो शिर्षकमा थप गर्न र अन्य अत्यावश्यक र उपयुक्त योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्ने जिम्मेवारी नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिकाको चालु आ.व. २०७६/०७७को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र योजनाहरु निर्धारित समयमै गुणस्तरीय रुपमा सम्पन्न गर्न नगरकार्यपालिका र नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १३

यस नगरपालिकाको छैठौं नगरसभालाई सफलताका साथ संचालन तथा सम्पन्न गर्न महत्त्वपूरण भूमिका खेल्नुहुने सम्पूर्ण नगरसभा सदस्य, कर्मचारी तथा आम जनसमुदायमा हार्दिक धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं.१४

छिमेकी मित्रराष्ट्र चीनको हुबेई प्रान्तको उहान महानगरपालिका क्षेत्रमा गत दुई महिनादेखि कोरोना भाइरसका कारण सिर्जित समस्या प्रति नगरपालिकाको तर्फबाट दुःख प्रकट गर्दै सो संक्रमणबाट ग्रसित बिरामीहरुको शीघ्र स्वास्थ्यलाभ र निधन भएकाहरुको आत्माको चीरशान्ति तथा कोरोना भाइरस संक्रमणको समस्या छिट्टै नियन्त्रणमा आउन सकोस् भन्ने कामना गर्ने निर्णय गरियो ।